# भौतिक रुपमा रहेका धितोपत्र कारोबारको खरिद गर्दा अभौतिकीकरण गर्ने कार्यविधि, २०७१

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४ (६) र नियम ३४ मा भएको व्यवस्था अनुसार सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडलाई पूर्ण संचालनमा ल्याउन मिति २०७१/०५/१९ गते नेपाल स्टक एक्सचेन्ज लि. बाट जारी निर्देशन अनुसार प्रथम चरणमा "क" वर्गका वाणिज्य बैंकहरुको मिति २०७१/०६/२० गते देखि र अन्य कम्पनीहरुको हकमा मिति २०७१/०७/०२ गते देखि अनिवार्य रुपमा Demat प्रणालीमा राफसाफ तथा फछ्र्यौट गर्ने सम्बन्धमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको संचालक समितिको निर्णयानुसार निम्न अवस्थामा रहेका धितोपत्रहरुको निम्नानुसार राफसाफ तथा फछ्र्यौट गर्न सकिने छ :

१. भौतिक रुपमा रहेका धितोपत्र र खाली हस्तान्तरण (BT) को अवस्थामा रहेका धितोपत्रहरुको बिक्री गर्दा बिक्रीकर्ताले भौतिक रुपमा नै बिक्री गर्न सकिने तर खरिदकर्ताले सो धितोपत्रहरु नामसारीमा पठाएमा Demat अवस्थामा मात्र प्राप्त गर्नेछ ।

यस सम्बन्धमा खरिदकर्ताले खरिद गरेका धितोपत्रहरुको अभौतिकीकरण (Dematerialization) गरी आफ्नो स्वामित्वमा प्राप्त गर्ने सम्बन्धमा निम्नानुसार गर्न सकिने छ :

(क) भौतिक रुपमा रहेका धितोपत्रहरुको कारोबार र राफसाफ तथा फछ्र्यौट नेप्से कै प्रणालीबाट (T+3) कै फछ्र्यौट चक्र अनुसार गरिने छ ।

(ख) कारोबारको T+3 को दिनमा फछ्र्यौट गरे पश्चात् खरिदकर्ता राफसाफ सदस्यले कारोबार भएको ५ कार्य दिन भित्र (T+5) कारोबार भएको धितोपत्रको प्रमाणपत्र प्राप्त गर्नु पर्नेछ ।

(ग) कारोबार भएको ७ कार्य दिन (T+7) भित्र खरिदकर्ता राफसाफ सदस्यले नामसारी दाखिला र अभौतिकीकरण अनुरोध फाराम (Demat Request Form-DRF) तयार गरी कारोबार भएको ७ कार्य दिन (T+7) भित्र सिडिएससिमा पेश गर्नु पर्नेछ ।

(घ) सिडिएससिले खरिदकर्ता राफसाफ सदस्यबाट प्राप्त गरेको नामसारी दाखिला र अभौतिकीकरण अनुरोध फाराम (Demat Request Form-DRF) प्राप्त भएको २ कार्य दिन भित्र अर्थात् कारोबार भएको ९ कार्य दिन (T+9) भित्र नेप्सेको प्रणाली मार्फत् नामसारी गरी Surrender for Demateralization भनी छाप लगाई सो धितोपत्रको प्रमाणपत्र खरिदकर्ता राफसाफ सदस्यलाई बुझाउने छ ।

(ङ) खरिदकर्ता राफसाफ सदस्यले नामसारी दाखिला र धितोपत्रको प्रमाणपत्र सम्बन्धित रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिलाई बुझाउने छ । सिडिएससिले स्वीकृत गरेको अभौतिकीकरण अनुरोध फाराम (Demat Request Form-DRF) सम्बन्धित निक्षेप सदस्यले कारोबार भएको १० कार्य दिन (T+10) भित्र सिडिएससिबाट संकलन गर्नु पर्नेछ ।

(च) सम्बन्धित निक्षेप सदस्यले सिडिएससिबाट प्राप्त गरेका अभौतिकीकरण अनुरोध फाराम (Demat Request Form-DRF) मा उल्लेखित विवरण सिडिएससिको निक्षेप प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ । साथै उक्त DRF मा सिडिएससिको सफ्टवेयरबाट उपलब्ध हुने Demat Request Number (DRN) उल्लेख गरी छाप लगाई सम्बन्धित रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिलाई पठाउनु पर्नेछ ।

CDS
and
Clearing Ltd.

(छ) खरिदकर्ता राफसाफ सदस्यले कारोबार भएको ११ कार्य दिन (T+11) भित्र नामसारी दाखिला र Surrender for Dematerialization भनी छाप लगाईएको धितोपत्रको प्रमाणपत्र सम्बन्धित रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि (RTA) लाई बुझाउनु पर्नेछ ।

(ज) सम्बन्धित रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि (RTA) ले खरिकर्ता राफसाफ सदस्यबाट प्राप्त नामसारी दाखिला तथा Surrender for Dematerialization भनी छाप लगाईएको धितोपत्रको प्रमाणपत्र र निक्षेप सदस्य (DP) बाट प्राप्त DRF मा उल्लेखित DRN को आधारमा धितोपत्र प्रमाणपत्र र DRF प्राप्त भएकै दिन वा प्राप्त भएको दोस्रो दिन सम्ममा सिडिएससिको निक्षेप प्रणालीमा रुजु गरी स्वीकृत गर्नेछ । यसरी सम्बन्धित रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि (RTA) ले स्वीकृत गर्ने बित्तिकै सम्बन्धित खरिदकर्ताको Demat खातामा धितोपत्र जम्मा (Credit) हुनेछ । साथै रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिले राफसाफ सदस्यबाट आएका खरिदकर्ताको धितोपत्र खरिदकर्ताको Demat खातामा Credit भए/नभएको जानकारी सम्बन्धित राफसाफ सदस्यलाई गराउनेछ ।

२. अभौतिक (Demat) रुपमा रहेका धितोपत्रहरुको कारोबार र राफसाफ तथा फछ्र्यौट अभौतिक रुपमा नै गरिने छ । सो सम्बन्धमा अभौतिक धितोपत्रको राफसाफ तथा फछ्र्यौट कार्यविधि, २०७० अनुसार गरिने छ ।

CDS
and
Clearing Ltd.